# पर्सागढी नगरपालिकाको
# गैरसरकारी संस्था सञ्चालन तथा समन्वय सम्वन्धी ऐन, २०७५

| | |
|---|---|
| प्रमाणिकरण मिति :- | २०७५/०३/३२ |

पर्सागढी नगरपालिका
प्रदेश नं.२,
नेपाल

गैरसरकारी संस्था सञ्चालन तथा समन्वय सम्वन्धी ऐन, २०७५

## प्रस्तावना :

पर्सागढी नगरपालिकामा गठन तथा स्थापना वा काम गर्ने गैरसरकारी संघ संस्थाहरुसँग आपसी समन्वय, सहयोग र साझेदारीलाई प्रभावकारी बनाउन नेपालको संविधान, २०७२ को भाग ३ मा उल्लेखित मौलिक हकको व्यवहारिक कार्यान्वयनका लागि साझेदार संस्थाको भूमिका निर्वाह गर्न एवं धारा १७ को उपधारा १ (घ) द्वारा प्रत्याभूत संघ संस्था खोल्ने स्वतन्त्रताको हकको उपयोग एवं भाग ४ धारा ५१ मा उल्लेखित राज्यका नीतिहरुको कार्यान्वयन र दिगो विकासको लक्ष्य पुरा गर्न संविधानको धारा ५१ (ञ) (१४) मा उल्लेखित सामाजिक संघ संस्थाको हक तथा अधिकारको कार्यान्वयन गर्न पर्सागढी नगरपालिकाको नगरसभाले मिति २०७५।०३।३१ मा पारित गरि यो गैरसरकारी संस्था सञ्चालन तथा समन्वय सम्वन्धी ऐन, २०७५ लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"गैरसरकारी संस्था सञ्चालन तथा समन्वय सम्वन्धी ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन नगर सभावाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "प्रमुख" भन्नाले नगरपालिका को प्रमुख सम्झनु  पर्छ ।

(ख) "उप-प्रमुख" भन्नाले नगरपालिका को उप-प्रमुख सम्झनु  पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले पर्सागढी नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "गैरसरकारी संस्था" भन्नाले लाभांश वा मुनाफा बितरण गर्ने उद्देश्य नराखी प्रचलित कानून बमोजिम दर्ता भई कार्य गर्ने स्वयंसेवी सामाजिक संघ संस्थाहरुलाई सम्झनु पर्छ । यसलाई छोटकरीमा गैसस समेत भनिनेछ ।

(ङ) "गैसस समन्वय समिति" भन्नाले दफ ७ को १ वमोजिम गठन हुने पर्सागढी नगरपालिकाको गैसस समन्वय समिति भन्ने सम्झनु पर्छ ।

(च) "दातृ निकाय" भन्नाले समाज कल्याण वा सामाजिक सेवा तथा विकास कार्यमा सहयोग गर्ने विदेशी सरकार वा संघ संस्था आदि सम्झनु पर्छ ।

(छ) "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले विदेशमा दर्ता भई नेपालमा सामाजिक सेवा तथा विकास कार्यमा संलग्न हुने तथा त्यस्तो कार्यमा सहयोग गर्ने संस्थालाई सम्झनुपर्दछ ।

(ज) "विधान" भन्नाले गैरसरकारी संस्थाको विधान सम्झनु पर्छ  ।

(झ) "वोर्ड सदस्य" भन्नाले गैरसरकारी संस्थाका कार्य समितिका सदस्यलाई जनाउँछ ।

(ञ) "सामाजिक सेवा तथा विकास कार्य" भन्नाले  नेपाली समाजको समतामूलक समावेशी विकास, सामाजिक रूपान्तरण, कानूनको शासन, न्याय, असल शासन, लोकतन्त्र मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन, महिला, बालबालिका, ज्येष्ठ नागरिक, आर्थिक रुपले विपन्न, अपांगता भएका, यौनिक तथा लैंगिक अल्पसंख्यक, उपेक्षित, उत्पीडित तथा अल्पसंख्यक समुदायको सर्वोपरी हित, मानवीय सहायता, क्षमता विकास, सशक्तिकरण, पैरवी, वकालत, सामाजिक परिचालन,उपभोक्ता अधिकार,सशक्तीकरण, आर्थिक विकास, सेवा, पुनर्स्थापना र पूर्नमिलन (Reintegration) का लागि गरिने कार्य समेतलाई सम्झनुपर्दछ ।

(ट) "विषयगत समिति" भन्नाले पर्सागढी नगरपालिकामा गठित विभिन्न समितिलाई सम्झनुपर्छ ।

(ठ) "नगर स्तरीय गैसस महासंघ" भन्नाले पर्सागढी नगरपालिका भित्र रहेका क्रियाशिल एवम् पर्सागढी नगरपालिकामा दर्ता भई बार्षिक रुपमा कार्यक्रम पेश गरेका तथा आपसमा समन्वय गरी गठन गरेको नगर स्तरीय संजाललाई सम्झनुपर्छ ।

## परिच्छेद-२
## संघ संस्थाहरुको वर्गीकरण र सामाजिक विकास कार्यक्रम

**३. संस्थाहरुको सूची तयार गर्नेः**

(१) पर्सागढी नगर कार्यपालिकाले सामाजिक क्षेत्रमा काम गरिरहेका तथा काम गर्न चाहने सम्पूर्ण संघ संस्थाहरुको सूची तयार गर्दा आफुसँग आवद्ध हुन आउने संघ संस्थाहरुको देहाय बमोजिमको तहगत प्रकृतिको संघसंस्थाको वर्गीकरण गर्नेछ ।

क) संघीय कानुन बमोजिम केन्द्रमा दर्ता भई नेपालभर कार्यक्षेत्र तय गरेका र पर्सागढी नगरपालिकामा पनि कार्य गरेका वा कार्यक्षेत्र हुने राष्ट्रिय प्रकृतिका संघ संस्था,

ख) प्रदेश कानुन बमोजिम प्रदेश सरकारमा दर्ता भई नेपालभर वा प्रदेश कार्यक्षेत्र तय गरेका र पर्सागढी नगरपालिकामा कार्य गरेका वा कार्यक्षेत्र हुने संस्था,

ग) संघीय कानून बमोजिम कुनै एक जिल्लामा दर्ता भई एक वा एकभन्दा बढी जिल्ला र पर्सागढी नगरपालिकामा कार्य गरिरहेका वा कार्यक्षेत्र हुने संस्था,

घ) संघीय कानून बमोजिम कुनै एक जिल्लामा दर्ता भई पर्सागढी नगरपालिकामा कार्य गरिरहेका वा पर्सागढी नगरपालिकामा कार्यक्षेत्र हुने संस्था,

ङ) संघसंस्थाको नेपालभर वा सम्वन्धित जिल्ला वा पर्सागढी नगरपालिकामा गठन भई पर्सागढी नगरपालिकासँग समन्वय गरी कार्य गर्ने अन्य सामाजिक प्रकृतिका संघसंस्थाहरु (आमा समूह, बाल क्लव, महिला सञ्जाल, युवा क्लव आदि) ।

(२) सामाजिक संघ संस्थाहरुको सूची तयार गर्दा तपशील अनुसार वर्गीकरण गरी अलग अलग सूची तयार गरिनेछ ।

(क) सामाजिक संस्थाहरु (सामाजिक सचेतना, कानूनको शासन, असल शासन, मानअधिकारको संरक्षण, लैंगिक तथा सामाजिक न्याय तथा प्रवर्द्धन, सामाजिक विकास, आयमूलक कार्यक्रम,

वातावरण संरक्षण तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, क्षमता विकास, सामाजिक परिचालन, भौतिक पूर्वाधार विकास, जीविकोपार्जन तथा आर्थिक क्रियाकलाप, मानवीय सहायता, प्राकृतिक श्रोत संरक्षण र व्यवस्थापन, बिपद् व्यवस्थापन, पूर्ननिर्माण तथा मानवीय सहायता, गरिबी निवारण, पैरवी, उपभोक्ताहरुको हित संरक्षणका लागि स्थापित नागरिक संस्थाहरू)

(ख) खेलकुद विकास संस्थाहरू (विभिन्न खेलकुद खेल्ने वा खेलाउने संघ संस्थाहरु)

(ग) धार्मिक तथा सांस्कृतिक संस्थाहरू (भजन कृतन गर्ने, गुम्बा, मदरसा, मठ मन्दिर निर्माण वा संरक्षण, विभिन्न पौराणीक भाषा, कला, सम्पदा, संस्कृति वा रीतिरिवाज संरक्षण वा प्रबर्धन गर्ने उद्देश्यकले खोलिएका संघ संस्थाहरु)

(घ) प्रतिष्ठान, ट्रष्ट तथा गुठीहरू (विभिन्न व्यक्ति वा स्थानको स्मृतिमा स्थापना गरिएका प्रतिष्ठान, ट्रष्ट तथा गुठीहरु)

(ङ) परोपकार संस्थाहरू (असहाय, बृद्ध, अपांगता, दीर्घरोगी वा जोखिममा परेका ब्यक्तिहरु वा समुहहरुलाई कल्याण गर्ने उद्देश्यले खोलिएका परोपकारी संस्थाहरु)

च) पेशागत संस्थाहरु (निश्चित पेशामा लागेका वा अंगालेका ब्यक्तिहरुले आफ्नो पेशागत भलाइका लागि खोलिएका संस्थाहरु जस्तै वकिल, डाक्टर, नर्स, इन्जिनियर, मजदुर, पत्रकार आदिको पेशागत संस्थाहरु)

छ) संजाल तथा महासंघहरु (निश्चित उद्देश्य, लक्षित समुह वा विषयमा कार्यरत समुह वा संस्थाहरुको संजाल, एलायन्स, महासंघ, संघ आदि)

ज) उपभोक्ता संस्था तथा समुहहरु (निश्चित बस्तु वा सेवाको उपभोग गर्ने ब्यक्ति वा समुहहरुको पक्षमा काम गर्ने गरी खोलिएका संघ संस्थाहरु जस्तै वन उपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति आदि)

झ) अनुसन्धान संस्थाहरु (समसामयिक वा अन्य कुनै बिषयमा केन्द्रित भई अध्ययन, अनुसन्धान, सर्वेक्षण आदि गर्ने प्रकृतिका संघ संस्थाहरु)

ञ) सामुदायिक संस्थाहरु (समुदाय, बस्ती, वडा वा टोल स्तरमा गठन भएका समुह, टोल विकास संस्था र समुदायमा आधारित संस्थाहरु, वाल क्लब आदि)

ट) अन्य संस्थाहरु (माथि उल्लेख गरिएका बाहेकका अन्य प्रकृतिका संस्थाहरु)

(३) सूचीकृत गर्दा यदि कुनै संस्थाहरु जसले एकभन्दा बढी क्षेत्रमा कार्य गर्ने उद्देश्य संस्थाको बिधानमा भएमा र सो स्थानीय तहमा सञ्चालन गर्ने कार्यको प्रकृति त्यस्तो देखिएमा त्यस्ता संस्थालाई बहुक्षेत्राधिकार प्राप्त संस्थाको सूचीमा दर्ता गरिनेछ ।

**४.सामाजिक कार्यक्रमः**

(क) पर्सागढी नगरकार्यपालिकाले सामाजिक संघसंस्थाहरु मार्फत सामाजिक परिचालन, नागरिक अधिकार, सामाजिक सचेतना तथा विकासका कार्यक्रमहरु सञ्चालन गर्न सक्ने छ ।

(ख) पर्सागढी नगरपालिकाले सामाजिक परिचालन लगायतका कार्यहरु गर्दा दफा ३ वमोजिम सूचीकृत गैससहरुलाई प्राथमिता दिई समन्वय र साझेदारी गर्नेछ ।

(ग) सामाजिक संघसंस्थाहरुले आफ्नो उद्देश्य अनुसारका कार्यक्रमहरुमा खर्च गर्ने गरी आफ्नो श्रोत निर्माण तथा संस्थाको दीगोपनाका लागि आयमुलक कार्यक्रमहरु संचालन गर्न सक्नेछन्

(घ) पर्सागढी नगरपालिकाले सामुदायिक विकासको क्षेत्रमा कार्यरत सम्पूर्ण गैरसरकारी संस्थाहरुको सूची अद्यावधिक गरी कार्यक्रम तथा लगानीमा हुने दोहोरोपन हटाउन तथा प्रभावकारी रुपमा सामाजिक संस्थाका गतिविधिहरु सञ्चालन गर्न आवश्यक भूमिका निर्वाह गर्नेछ ।

## ५. स्थानीय दिगो विकास सम्बन्धी कार्यक्रम संचालनः

पर्सागढी नगर कार्यपालिकामा दिगो विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा पर्सागढी नगर कार्यपालिकाले देहाय बमोजिमका विशेष कार्यक्रमहरु छनौट गरी साझेदारीमा संचालन गर्न सक्नेछ :

(क) गरिबी निवारण, आय आर्जन तथा सीप विकाससम्बन्धी कार्यक्रम

(ख) रोजगार एवं स्वरोजगार सिर्जनासम्बन्धी कार्यक्रम,

(ग) स्थानीय शासन तथा विकासका लागि सहभागिता अभिवृद्धि गर्ने सम्वन्धी कार्यक्रम

(घ) लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरण र लैंगिक न्याय तथा न्यायमा पहुँच सम्बन्धी कार्यक्रम,

(ङ) कानूनको शासन, न्याय, समानता, मानव अधिकार, लोकतन्त्र, सुशासन संरक्षण तथा प्रवर्द्धनात्मक कार्यहरु,

(च) स्रोत साधनमा पछाडि पारिएका समुदायहरुको पहुँच, स्वामित्व र नियन्त्रण वढाउने कार्य,

(छ) कृषि उत्पादन, वजारीकरण, खाद्य सुरक्षा तथा पोषण,

(ज) सामाजिक कुरीति तथा अन्धविश्वास विरुद्धको कार्यक्रम,

(झ) महिला, एकल महिला, बालबालिका, आर्थिक रुपले विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यक, आदिवासी, जनजाति तथा दलित, असहायलगायत पिछडिएका एवं सीमान्तकृत (सामाजिक तथा आर्थिक) साथै जोखिममा परेका समुदायको हित र कल्याण सम्बन्धी कार्यक्रम,

(ञ) नागरिक कर्तव्य तथा दायित्व सम्वन्धी सचेतना कार्यक्रम,

(ट) वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा प्रभाव न्यूनिकरण एवं विपद जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम,

(ठ) स्वास्थ्य जनचेतना अभिवृद्धि तथा सेवा प्रवाहसम्बन्धी कार्यक्रम,

(ड) गुणस्तरीय शिक्षा लगायत आधारभूत शैक्षिक उद्देश्य परिपूर्ति गर्ने सम्बन्धी विविध कार्यक्रम,

(ढ) स्वच्छ पिउने पानी, सरसफाई, जलश्रोत व्यवस्थापन तथा लघु तथा बैकल्पिक उर्जा विकास,

(ण) भौतिक पूर्वाधार विकास निर्माण तथा मर्मत सम्बन्धी

(त) सामुदायिक सुरक्षा प्रर्वद्धन

(थ) सामाजिक तथा धार्मिक सद्भाव

(द) अन्तरघुलन तथा शान्ति प्रवर्द्धन गर्ने कार्यक्रमहरु

## परिच्छेद– ३

## कार्यक्रम संचालन र समन्वय

**६. नगरकार्यपालिकासँग समन्वय :**

(१) यस ऐन अन्तर्गत सूचीकृत भएका र हुन चाहने संस्थाहरूले पर्सागढी नगरपालिका भित्र कार्यक्रमको प्रकृति हेरि नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने वा समन्वय वा जानकारी गराई काम गर्नुपर्नेछ ।

(क) ६ महिना भन्दा छोटो अवधिको परियोजनाहरु, सभा, सम्मेलन, गोष्ठी, तालिम, कार्यशाला, नागरिक शिक्षा, सुशासन तथा जवाफदेहिता प्रबर्धन, मानव अधिकार प्रबर्धन, सर्वेक्षण र अध्ययन अनुसन्धान सम्बन्धी कामहरु गर्दा पर्सागढी नगर कार्यपालिकालाई जानकारी गराई कार्यक्रम सञ्चालन गर्ने र कार्यक्रम सम्पन्न पश्चात सो को प्रतिवेदन पर्सागढी नगरकार्यपालिकाको कार्यालयलाई उपलव्ध गराउनु पर्नेछ ।

(ख) पर्सागढी नगरपालिकाको नियमित र बिषयगत कामसँग मेल खाने प्रकृतिका परियोजना तथा कार्यक्रमहरुमा नगर कार्यपालिकासँग समन्वय गरेर काम गर्ने ।

ग) एक बर्ष भन्दा लामो अवधिका जनचेतनामूलक तथा अधिकारमुखी कार्यक्रमहरु सञ्चालनका लागि पर्सागढी नगर कार्यपालिकाको सहमति लिई कार्य गर्ने एवं भौतिक निर्माणका परियोजनाहरु निर्माण गर्दा पर्सागढी नगरपालिकाको कार्यालयसँग पूर्व सहमति लिएर गर्नु पर्ने ।

(२) गैससहरुले संचालन गर्ने एक बर्ष भन्दा लामो अवधीका कार्यक्रम पर्सागढी नगर कार्यपालिकाको योजना तर्जुमा प्रक्रिया मार्फत पर्सागढी नगरपालिकाको एकीकृत बार्षिक कार्यक्रम तथा बजेटमा समावेश हुने गरी पेश गर्नु पर्नेछ ।

(३) नगर सभा सम्पन्न भए पछि गैससहरुको कार्यक्रम बजेट स्वीकृत गर्नु पर्ने भएमा पर्सागढी नगर कार्यपालिकाको कार्यालयवाट स्वीकृत गराउनु पर्नेछ ।

## ७. कार्यक्रम/परियोजनाको सहमती तथा समन्वय :

(१) पर्सागढी नगरपालिका भित्र १ वर्ष भन्दा वढी अवधिका लागि संचालनमा रहेका कार्यक्रमहरुमा नगर प्रमुखको अध्यक्षतामा नगर परियोजना सल्लाहकार समिति (Municipality Project Advisory Committee-MPAC ) गठन गरिनेछ । सो समितिमा देहायअनुसारका पदाधिकारीहरु रहने छन् ।

| | |
|---|---|
| क) नगरप्रमुख | संयोजक |
| ख) गैसस समन्वय समितिको संयोजक एवं उपप्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ङ) गैसस महासंघ नेपाल, जिल्ला शाखा /नगर महासंघको प्रतिनिधि एक जना | सदस्य |
| च) परियोजना संचालन गर्ने संस्थाका प्रमुख वा प्रतिनिधि एक–एक जना | सदस्य |
| छ) कार्यक्रम लागु भएका वडाका वडाध्यक्ष | सदस्य |
| ज) नेपाल पत्रकार महसंघको प्रतिनिधि एक जना | सदस्य |
| झ) विषयगत शाखा/इकाई प्रमुख (परियोजनासंग सम्वन्धीत) | सदस्य |

परियोजनामा सहयोग गर्ने दातृ निकाय तथा सहयोगी निकायको प्रतिनिधि आमन्त्रीत सदस्य रहनेछ ।

२) नगरपालिकामा संचालित गैससहरुको परियोजना तथा कार्यक्रमहरु समिक्षा गरिनेछ । १ वर्ष भन्दा बढी अवधि संचालन हुने परियोजनामा सम्वन्धित संस्थाले अनिवार्य रुपमा नगर परियोजना सल्लाहकार समितिमा पेश गरि कार्यक्रमको समिक्षा, स्वीकृति तथा अनुगमन गराउनु पर्ने छ । अनुगमन कार्यमा गैरसरकारी संस्था महासंघ नेपाल र नेपाल पत्रकार महासंघको संस्थागत प्रतिनिधित्व गराइनेछ ।

३) परियोजना सल्लाहकार समितिको वैठक कम्तिमा वर्षको दुई पटक वस्ने छ ।

## ८. गैसस समन्वय समिति गठन :

(१) नगरपालिकामा स्थापना भएका तथा कार्य गरि रहेका गैससहरुसँग नियमित समन्वय र साझेदारी प्रबर्धन गर्न नगर प्रमुखको संरक्षकत्वमा निम्न बमोजिम ७ (सात) सदस्यीय नगर गैसस समन्वय समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) नगरपालिका उपप्रमुख - समितिको संयोजक | १ जना |
| (ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य | १ जना |
| (ग) नगरकार्यपालिका सदस्यहरु मध्येबाट नगरपालिका प्रमुखले तोकेको सदस्य | १ जना |
| (घ) गैसस महासंघ नेपाल, जिल्ला/स्थानीय नगर शाखाको प्रतिनिधि - सदस्य | १ जना |

(ङ)महिला अधिकार/शसक्तिकरणको क्षेत्रमा क्रियाशिल संस्थाहरु मध्येबाट समितिले

मनोनित गरेको नगरपालिका भित्रका संस्थाको महिला प्रतिनिधि - सदस्य १ जना

(च) गैसस एवं सामाजिक संघसंस्थाको क्षेत्रमा अनुभव प्राप्त व्यक्ति गैसस समन्वय समितिले मनोनित गरेको एक जना - सदस्य १ जना

(छ) नगर कार्यपालिकाको सामाजिक शाखा/गैसस इकाइ प्रमुख सदस्य सचिव – १ जना

(२) गैसस महासंघ नेपाल, जिल्ला शाखा, अध्यक्ष प्रमुख आमन्त्रित सदस्य

(३) समन्वय समितिको वैठक नगर प्रमुख वा समन्वय समितिको संयोजकको सल्लाहमा सदस्य सचिवले वोलाउने छन ।

४) समन्वय समितिको बैठक चौमासिक रुपमा वस्ने छ । कार्यविवरण यसै ऐनले प्रदान गरेका कार्याअधिकार, गैसस समन्वय समितिको निर्णय र नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**९.प्रस्तावना माग गरि सामाजिक संस्था मार्फत कार्यक्रम कार्यान्वयन गराउन सक्ने छ** :

१) नगर सभावाट पारित नीति तथा कार्यक्रम मध्ये सामाजिक परिचालन, आयआर्जन एवं गरिवी निवारण सम्वधी कार्यक्रम, जनचेतनामूलक र क्षमता विकास सम्वन्धी कार्यक्रमहरु गैसस मार्फत कार्यान्वयन गराउन सक्ने छ । गैसस सम्वन्धी प्रस्तावना आवह्नन गरि संस्था छनौट गर्दा देहायको छनौट एवं सिफारिस समिति गठन गर्न सक्ने छ ।

क) नगरप्रमुखले तोकेको कार्यपालिका सदस्य : संयोजक

ख) गैसस महासंघको प्रतिनिधि (समन्वय समितिको सदस्य) : सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको सामाजिक शाखा प्रमुख वा अन्य अधिकृत सदस्य

२) छनौट समितिले प्राविधिक विज्ञता प्राप्त व्यक्तिलाई नियुक्त गरि काम अगाडी वढाउन सक्नेछ ।

**१०. प्रगति प्रतिवेदन पेश गर्नुपर्ने** :

(१) पर्सागढी नगरपालिका कार्यक्षेत्र रहेका गैरसरकारी संस्थाले अर्धवार्षिक रुपमा परियोजना कार्यान्वयन प्रतिवेदन र प्रत्येक आर्थिक वर्ष समाप्त भएको ४ महिनाभित्र लेखापरीक्षण प्रतिवेदन एवम् वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) पर्सागढी नगरपालिका वा पर्सा जिल्ला वा एक जिल्लाभन्दा बढी जिल्ला वा देशभर कार्यरत रहेको संस्था भएको अवस्थामा पर्सागढी नगरपालिका भित्रको गतिविधिको संक्षिप्त प्रगति प्रतिवेदन र सम्वन्धित परियोजना वा गतिविधिको आयव्ययको विवरण प्रस्तुत गर्न सकिनेछ । तर पर्सागढी नगरपालिकाले आवश्यक ठानी माग गरेको अवस्थामा उक्त संस्था वा परियोजनाको सम्पूर्ण क्षेत्रको प्रगति विवरण वा लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी सम्वन्धित संस्थाले उपलव्ध गराउनु पर्नेछ ।

**११. सामाजिक परीक्षण सम्बन्धी व्यवस्थाः**

(१) पर्सागढी नगरपालिकामा गैरसरकारी संस्थाले सन्चालन गरेका कार्यक्रमको लक्ष्य, बजेट, कार्यक्रम एवं उपलव्धिका बारेमा कार्यक्रम कार्यान्वयन गरिएको स्थानका सम्वन्धित सरोकारवाला निकाय, सञ्चारकर्मी, नागरिक समाज एवं लक्षित समुदाय तथा उपभोक्तासमेतको सहभागितामा

वार्षिक रुपमा सामाजिक परीक्षण गर्नु पर्नेछ । पर्सागढी नगरपालिका वाहेक पर्सा जिल्लाको अन्य स्थानिय तहमा वा जिल्लाभर कार्यक्रम सञ्चालन गर्ने संस्थाले जिल्ला तहमा समेत सामाजिक परिक्षण गर्न सकिनेछन तर त्यस्तो सामाजिक परिक्षण कार्यक्रममा गैसस सामन्वय समितिलाई अनिवार्य समन्वय र सहभागिता गराउनु पर्ने छ ।

(२) पर्सागढी नगरपालिकाले गैरसरकारी संस्थाहरुको लागि सामाजिक लेखा परीक्षण तथा सुनुवाई सम्बन्धी मार्ग निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**१२. गैरसरकारी संस्थामा पर्सागढी नगर कार्यपालिकाका सदस्यको संलग्नता** :

(१) पर्सागढी नगरकार्यपालिकाका सदस्यहरू यस नगरपालिका भित्र कार्यरत संघसंस्था एवं संघीय/ प्रदेश ऐन बमोजिम दर्ता भई पर्सागढी नगरपालिकामा काम गरि रहेका गैरसरकारी संस्थाको पदाधिकारी र कर्मचारीका रूपमा संलग्न हुन पाउने छैनन् ।

**१३. नगरपालिकाको विभिन्न समितिमा गैससको प्रतिनिधित्वः**

(१) पर्सागढी नगरकार्यपालिकाकाद्वारा गठन गरिने गैरसरकारी संस्था सम्बन्धी विभिन्न विषयगत समिति, उपसमितिमा गैरसरकारी संस्था महासंघ नेपाल, जिल्ला शाखा / नगर शाखाको सिफारिसमा गैरसरकारी संस्थाको प्रतिनिधित्व हुनेछ ।

**१४. संस्थाका क्रियाकलापहरु सार्वजनिक गर्नु पर्ने :**

गैससले आफ्नो संस्था तथा कार्यक्रमको बारेमा जानकारी गराउनका लागि त्यस्तो संस्थाको कार्यालय वा कार्यालय परिसरमा आफ्नो संस्थाको तर्फबाट सञ्चालित कार्यक्रम तथा बजेटको जानकारी सार्वजनिक गर्न Display Board राख्नु पर्नेछ ।

## परिच्छेद– ४

## गैरसरकारी संस्था र नगरपालिकाको योजना तर्जुमा

**१५. योजना तर्जुमा प्रकृयामा गैससहरुको सहभागिताः**

(१) पर्सागढी नगरपालिकाको योजना निर्माण प्रकृयामा नगरपालिकामा कार्यरत गैरसरकारी संस्थाहरुलाई सहभागी गराईने छ ।

(२) सम्वन्धित विषय र क्षेत्रको सूचना संकलनमा गैससहरुले स्थानीय तहको आवश्यकतानुसार सहयोग गर्नुपर्नेछ ।

(३) स्थानीय तहको योजना निर्माण प्रकृयाको प्रारम्भिक चरणदेखि नै वैठकमा सम्वन्धित गैससहरुको सहभागिता र प्रतिनिधित्व गराउनु पर्नेछ ।

(४) गैससका सम्वन्धित विषय र क्षेत्रमा कार्यक्रमको दोहोरोपन हटाउन नगरपालिकालाई सहयोग गर्नु पर्नेछ ।

(५) गैससहरुले योजना निर्माण र कार्यान्वयनवारे जनचेतना अभिवृद्धिमा आवश्यक सहयोग गर्नुपर्नेछ ।

(६) योजना तर्जुमा प्रक्रियामा सहभागी हुन नसकेका गैससले आफ्ना कार्यक्रमहरु सञ्चालन गर्दा त्यस्ता गैससका कार्यक्रम लागु हुने विषयको नगरपालिकालाई लिखित रुपमा जानकारी दिई

नगर कार्यपालिकाको कार्यालयको समन्वयमा तोकिएका भौगोलिक क्षेत्र वा विषयमा त्यस्ता कार्यक्रमहरु सञ्चालनका लागि प्राथमिकता दिनुपर्नेछ ।

**१६. योजना कार्यान्वयन र साझेदारी :**

(१) पर्सागढी नगरपालिका र यस मातहतका विषयगत कार्यालयहरुको योजना कार्यान्वयनमा गैससहरुलाई आफ्नो स्रोत र क्षमतानुसार आर्थिक तथा प्राविधिक साझेदारी गर्न सकिनेछ ।

(२) नगरपालिकामा संचालित विकास आयोजनाहरुको गुणस्तर अभिवृद्धिका लागि सम्वन्धित माग भई आएमा आवश्यकतानुसार ज्ञान, सीप, परामर्श तथा सुझाव उपलव्ध गराउनु पर्नेछ ।

(३) परियोजना समिक्षा वैठकहरुमा सहभागी हुनु पर्नेछ ।

**१७. नगर स्तरीय योजना अनुगमन तथा मूल्यांकन :**

(१) नगर कार्यपालिकावाट संचालन हुने विकास आयोजनाको अनुगमन तथा मुल्यांकन प्रकृयामा विषयगत गैससहरुलाई गैरसरकारी संस्था महासंघ नेपालको सिफारिसको आधारमा सहभागी गराइनेछ ।

(२) नगर कार्यपालिकाले स्वतन्त्र रुपमा विकास आयोजनाको तेश्रो पक्ष मूल्यांकन गर्नेछ जसमा नगर क्षेत्रमा रहेका दक्ष गैससहरुलाई प्राथमिकता दिइनेछ ।

**१८. एकद्वार प्रणाली सम्वन्धमा :**

(१) पर्सागढी नगरपालिकामा कार्यक्षेत्र रहेका सम्पूर्ण गैससहरुले आफ्ना कार्यक्रमहरु सञ्चालनको समन्वय गर्दा एवं सहमती लिँदा पर्सागढी नगरकार्यपालिका मार्फत लिई उनीहरुको कार्यसञ्चालन र सहमतिका लागि दोहोरोपन हुन नदिन एकद्वार प्रणाली अपनाइनेछ ।

## परिच्छेद- ५
## अन्तर्राष्ट्रिय गैसस सम्वन्धमा

**१९. अन्तर्राष्ट्रिय गैसस सम्वन्धमाः**

(१) पर्सागढी नगरपालिकामा काम गर्न चाहने अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले संघीय तथा प्रदेश स्तरमा दर्ता भई पर्सागढी नगर कार्यपालिकाको कार्यालयमा सूचीकृत भएका वा कुनै जिल्लामा दर्ता भई पर्सागढी नगरपालिकामा कार्यरत वा काम गर्न इच्छुक गैरसरकारी संस्था मार्फत कार्य गर्नुपर्नेछ ।

## परिच्छेद- ६
## विविध

**२०. पुरस्कार र प्रोत्साहन :**

पर्सागढी नगरपालिकाले समाजिक सेवा तथा विकास कार्यमा संलग्न भई जनताको अधिकार संरक्षण गर्ने तथा पछाडि पारिएको वर्ग र समुदायको हित, कल्याण र शसक्तिकरणका लागि उल्लेख्य योगदान पुऱ्याउने गैरसरकारी संस्था तथा सामाजिक अभियात्ताहरुलाई प्रोत्साहित गर्न सामाजिक सेवा पुरस्कारको स्थापना तथा वितरण गर्नेछ ।

## २१. गैसस क्षमता विकास कोष :

गैरसरकारी संस्थाहरूको संस्थागत विकास तथा गैससमा कार्यरत कार्य समिति, कर्मचारी एवं स्वयंसेवकहरुको क्षमता विकासका लागि पर्सागढी नगरपालिकाले गैससहरुको सम्मान लागत साझेदारीमा क्षमता विकास कोषको स्थापना गरी त्यस्ता संस्थाहरुको संस्थागत विकासमा सहयोग गर्न सक्नेछ ।

## २२. दण्ड सजाय :

(१) पर्सागढी नगरपालिकामा कार्यरत गैरसरकारी संस्थाहरूले काम गर्ने क्रममा आर्थिक हिनामिना वा कानून विपरित कार्य गरेको पाइएमा त्यस्ता संस्थाहरुलाई आवश्यक लिखित सुझाव दिई सुधार गर्ने अवसर प्रदान गर्ने वा केही समयका लागि कार्य स्थगन गर्ने, निश्चित अवधिको लागि काम गर्न रोक लगाउने वा आवश्यक कानूनी कारवाहीको लागि त्यस्तो संस्था दर्ता गर्ने अधिकारी समक्ष लिखित रुपमा आवश्यक प्रमाण सहित कारवाहीको लागि सिफारिश गर्न सक्नेछ ।

(२) संस्था दर्ता तथा नविकरण गर्ने निकायबाट उक्त संस्थाले गलत काम गरेको प्रमाणित नभएसम्म त्यस्तो संस्थाको गतिविधिमा अनिश्चित समयका लागि रोक लगाउन सकिनेछैन । साथै पर्सागढी नगरपालिका वा संस्था दर्ता गर्ने निकायले सो कारवाही गर्नु अघि उक्त संस्थालाई लिखित स्पष्टीकरणको उचित मौका प्रदान गर्नुपर्नेछ ।

## २३. नियमावली वनाउने अधिकार :

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न पर्सागढी नगरपालिकाले आवश्यक नियमावली तर्जुमा गरी लागु गर्न सक्नेछ ।

## २४. आचार संहिता :

गैरसरकारी संस्थाहरूका छाता संगठनहरू वा गैरसरकारी संस्थाहरू स्वयंले आचार संहिता निर्माण गरी लागु गर्नु पर्नेछ ।

## २५. वाधा अड्काउ फुकाउने अधिकारः

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा पर्सागढी नगरपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर त्यस्तो आदेश पर्सागढी नगरपालिकाले ६ महिना भित्र नगरसभाबाट अनुमोदन गर्नुपर्नेछ नगरेमा स्वतः निस्क्रिय हुनेछ ।

## २६. बचाउ र लागु नहुने :

(१) यस ऐनमा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रदेश तथा संघीय कानून वमोजिम हुनेछ ।

(२) नेपालको संविधान, संघ तथा प्रदेशको ऐनसँग यस ऐनको दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछन् ।